

यादव थपलिया

# डुक्री ओ ! साँढे डुक्री

-यादव थपलिया

डुक्री
ओ ! साँढे
डुक्री- मनमौजी डुक्री
कालो तेरो वर्तमान
आज मात्रै न हो,
भोलि तेरो
दुर्दान्त अवसान !

उफ्री
अघाउँजी
जतिसक्छस्, उफ्री
पिँढीसाँढेहरूको काँध चढेर
पिँढीसाँढेहरूको खुट्टी टेकेर
पिँढीसाँढेहरूकै स्वार्थन्ध कात्रो ओढेर
जति उफ्रनु, आजै उफ्री
जति डुक्रनु, आजै डुक्री
आज तेरो कालो परिधान
भोलि तेरो दृष्टान्त अवसान !

काला आँखा
काला सिङ
कालो शरीर
निस्पट्ट कालै मन
आफ्नै महायात्राजस्तो
आफ्नै मृत्युउत्सवजस्तो
धिक्कार तेरो विस्मयी यात्रा !

डुक्री
सिंघौरी खेल्दै डुक्री-
मान्छेका छातीमाथि
उफ्री
मनपर्दी उफ्री-
अघोरी हिंस्रक सिंहको झम्टचाइजस्तै
मान्छेका चोक्टा लुछ्दै
आँखाभरि गोलीबारुदका धूवाँ
ओठभरि मृत्यु-निःश्वास
आज तेरो हिंस्रक वर्तमान
भोलि तेरो निश्चित अवसान !

उल्टो-उल्टो यात्रा
यात्राहीन ढाक्रेजस्तो
रमितेहीन रमिताजस्तो
भीरबाटोको उल्टो-उल्टो यात्रा
बाली लुडचाउँदै डुक्री
बाली कुल्चँदै र त्यसमाथि
बिस्टचाउँदै उफ्री
प्रतिगमन तँलाई सुहाउँदो खेल
आज तेरो कालो वर्तमान
भोलि तेरो सुखद् अवसान !

-खरेलथोक-९, काभ्रे ।